तानसेन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

☎: ०७५-५२०१०९, ५२०८९३
५२०१२९, ५२०९०९
ई-मेल: ito.tansenmun@gmail.com
info@tansenmun.gov.np

चलानी नं. 82
पत्र संख्या : 080/81

मिति : २०८०।०४।०७

विषय : लेखा परीक्षण सम्बन्धमा ।

श्री सहकारी संस्था लिमिटेड सबै
तानसेन नगरपालिका, पाल्पा ।
(तानसेन नगरपालिकाको नियमन क्षेत्रमा पर्ने)

प्रस्तुत विषयमा सहकारी संस्थाले प्रत्येक आर्थिक वर्षको लेखापरीक्षण सो आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र प्रचलित कानून बमोजिम इजाजत प्राप्त लेखापरीक्षकद्वारा गराउनु पर्ने व्यहोरा विदितै छ । यस सम्बन्धमा उक्त समयावधि भित्र अनिवार्य रुपमा साधारणसभाले नियुक्त गरेको लेखापरीक्षकबाट लेखा परीक्षण गराई एक प्रति लेखा परीक्षणको प्रतिवेदन यस कार्यालयमा पेश गर्ने व्यवस्था मिलाउनु हुन अनुरोध छ । लेखा परीक्षणको सम्बन्धमा सहकारी ऐन, २०७४ को दफा ७६ र ७७ तथा सहकारी संस्थाको लेखापरीक्ष निर्देशिका, २०७५ को पालना गर्नु गराउनु हुन अनुरोध छ । **सहकारी ऐनको व्यवस्था बमोजिम सहकारी संस्थाले लेखा परीक्षणको लागि यस नगरपालिकाबाट स्वीकृति लिनु नपर्ने** तर लेखा परीक्षण गर्नु पूर्व सहकारी संस्थाको लेखापरीक्षण निर्देशिका, २०७५ को यसैसाथ संलग्न अनुसूची-१ बमोजिमको विवरणहरु पेश गर्नु हुन अनुरोध छ ।

.............................
दुर्गा बहादुर थापा
नि.प्रमुख प्रशासकीय अधिकृत
**निमित्त प्रमुख प्रशासकीय अधिकृत**

## अनुसूची १

## लेखापरीक्षक नियुक्तिको जानकारी दिने पत्रको ढाँचा

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

मिति : २०.../.../...

**विषय : लेखापरीक्षक नियुक्तिको जानकारी ।**

श्री ... ... ... ज्यू !

... ... ...।

यस संस्था / सङ्घ / बैङ्कको आर्थिक वर्ष २०.../... को लेखापरीक्षण गर्न मिति २०.../.../... मा ... ... .... स्थित श्री ... ... ... ... ... लाई लेखापरीक्षकमा नियुक्त गरिएको बेहोरा जानकारी गराएको छु । नियुक्तिसँग सम्बन्धित तपसिलबमोजिमका कागजात यसै पत्रसाथ संलग्न छन् ।

भवदीय,

दस्तखत :

नाम :

पद :

<u>तपसिल</u>

- ☐ विगत तीन वर्षमा नियुक्त लेखापरीक्षकहरूको नाम, ठेगाना,
- ☐ नियुक्ति तथा पारिश्रमिकका सम्बन्धमा साधारण सभाको निर्णयको प्रतिलिपि,
- ☐ लेखापरीक्षकको लेखापरीक्षण इजाजत-पत्रको प्रतिलिपि,
- ☐ लेखापरीक्षकको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि,
- ☐ लेखापरीक्षकबाट प्राप्त लेखापरीक्षकमा नियुक्तिका लागि अयोग्य नभएको बेहोराको लिखित जानकारीको प्रतिलिपि ।

**द्रष्टव्य** : १. लेखापरीक्षकको कार्यक्षेत्रगत सर्त □ संलग्न छ □ सहकारी संस्थाको लेखापरीक्षण निर्देशिका, २०७५ बमोजिम हुनेछ ।

२. वैकल्पिक लेखापरीक्षक नियुक्ति गरिएको भए सोको कारण : ........................................................................................................................



निमित्त प्रमुख प्रशासकीय अधिकृत